# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६ ) काठमाडौं, कात्तिक २३ गते २०५३ साल ( अतिरिक्ताङ्क ३८ (अ)

## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट संविधान दिवसको उपलक्ष्यमा २०५३ साल कार्तिक २३ गते देशवासीका नाममा बक्सेको सन्देश

प्यारा देशवासीहरू,

आज संविधान दिवसको अवसरमा सबै नेपालीहरूमा शुभकामना व्यक्त गर्न चाहन्छौं । खुला समाज, उदार राजनीति र लचिलो आर्थिक व्यवस्थाको परिधिभित्र प्रत्येक नेपालीको व्यक्तित्व फष्टाउन सकेमा नै प्रजातन्त्रको अनुभुति हुन सक्दछ । नेपाल अधिराज्यको संविधान, २०४७ को भावना अनुरूप सबै संवैधानिक अङ्गहरूले आ-आफ्नो भूमिका प्रभावकारी रूपमा निर्वाह गर्न सक्ने वातावरणको सृजनाबाट यसमा सघाउ पुग्न जानेछ । ।

आजको दिनले संविधानको मर्यादापूर्वक पालन गर्दै नेपालीको जीवन सुखद र नेपालको भविष्य उज्ज्वल बनाउने प्रेरणा सबैलाई देओस्–यही हाम्रो शुभकामना छ !

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् !

जय नेपाल !

हुकुमबक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।